नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शैक्षिक योजना तथा विकास महाशाखा
## शिक्षक व्यवस्थापन समन्वय शाखा
सानोठिमी, भक्तपुर
शाखा सम्पर्क नं. ०१-६६३५११३

प.सं. २०७९/८० शि. व्य.

च.नं. २५८

मिति: २०७९/१२/२२

विषय: वैकल्पिक र करार शिक्षक व्यवस्थापन सम्बन्धमा ।

श्री शिक्षा विकास निर्देशनालय, सबै ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै ।

प्रस्तुत विषयमा शिक्षक सेवा आयोगको परीक्षामा सफल भई स्थायी नियुक्तिका लागि सिफारिस भई आएका उम्मेदवारहरुको योग्यताक्रमसँगै शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २४(१) अनुसार वैकल्पिक सूचीमा परेका उम्मेदवारहरु र उक्त नियमावलीको नियम २४ (३) अनुसार करार सूचीमा परेका उम्मेदवारहरुका सन्दर्भमा देहाय अनुसार गर्ने गराउने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ :

(क) प्रदेशस्थित शिक्षा विकास निर्देशनालयले निम्नमाध्यमिक र माध्यमिक तहको वैकल्पिक उम्मेदवार र करार सूचीको विवरण शिक्षक सेवा आयोगबाट लिई अद्यावधिक अभिलेख राख्ने ।

(ख) वैकल्पिक उम्मेदवार वा करार सूचीमा रहेका उम्मेदवारहरुको नियुक्ति गर्ने प्रयोजनका लागि माग भई आएमा सो विवरण प्रदेश अन्तर्गतका जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहमा पठाउने ।

(ग) जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइले प्राथमिक तहको वैकल्पिक उम्मेदवारहरुको सूची र करार सूचीमा रहेका उम्मेदवारहरुको विवरण शिक्षक सेवा आयोगबाट लिई अद्यावधिक अभिलेख राख्ने ।

(घ) वैकल्पिक उम्मेदवारहरुलाई नियुक्ति दिने सम्बन्धमा शिक्षक सेवा आयोग नियमावली,२०५७ (संशोधन सहित) को नियम २५ बमोजिमको अवस्था देखिएमा आधिकारिक अभिलेखका आधारमा एकीन गरी नियमावलीको सोही नियम बमोजिम हुने गरी तोकिएको प्रक्रिया बमोजिम वैकल्पिक उम्मेदवारलाई नियुक्त गर्ने ।

(ङ) वैकल्पिक उम्मेदवारलाई नियुक्ति तथा पदस्थापन गर्दा मुख्य उम्मेदवारको पदस्थापना भइसकेको रहेछ भने सोही स्थानमा र पदस्थापना भई नसकेको अवस्थामा स्वीकृत शिक्षक पदस्थापनाका आधार र मार्गदर्शन अनुसार नै पदस्थापना गर्ने व्यवस्था मिलाउने ।

(च) शिक्षक सेवा आयोग नियमावली बमोजिम वैकल्पिक उम्मेदवारलाई नियुक्त गरेको जानकारी शिक्षक सेवा आयोग र माध्यमिक/निम्नमाध्यमिक तहको (वैकल्पिक र करार) नियुक्तिको हकमा प्रदेशस्थित शिक्षा विकास निर्देशनालयलाई समेत अनिवार्य रुपमा दिने ।

१२।२२

राम बहादुर अधिकारी
शाखा अधिकृत